# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

खण्डः७ संख्याः ३ प्रमाणिकरण मितिः २०८१/०४/१०

**भाग २**

**जीतपुरसिमरा उपमहानगरपालिका**

## शिक्षण सहजकर्ता व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावनाः**

जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गत उच्च शिक्षा प्राप्त गर्ने विद्यार्थीका लागि गुणस्तरीय शिक्षा प्रदान गरी यस क्षेत्रको विकासका लागि आवश्यक पर्ने दक्ष, योग्य, सिपयुक्त जनशक्ती उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई घरदैलोमा सर्वसुलभ उच्च शिक्षा प्रदान गर्न विविध क्षेत्रहरुमा (शिक्षा, स्वास्थ्य, वातावरण, खानेपानि, विकास निर्माण लागायत) आवश्यक्ता अनुसारको जनशक्ति परिपूर्तिका लागि स्वयंसेवकको रुपमा काम गर्न ईच्छुक यस उपमहानगरपालिका भित्र संचालित सामुदायिक क्यापसका अध्ययनरत बिद्यार्थीहरुलाई उपमहानगरपालिकाले पढ्दै कमाउँदै कार्यक्रममा समावेश गरी शिक्षामा यूवाको सहभागिता अभिबृद्धि गर्दै दक्ष जनशक्तिको विकास र परिचालन गरी नगर क्षेत्रको शैक्षिक विकास, शुसासन, परम्पारगत ज्ञान, सिप, भाषा, संस्कृतिको संरक्षण तथा सम्वर्द्धन गरी नगरलाई समृद्ध गर्न **"शिक्षामा पुस्तान्तरण कार्यक्रम"** संचालन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२), जीतपुरसिमरा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन,२०७८ को दफा ४, जीतपुरसिमरा उपमहानगरपालिकाको केही कानून तर्जुमा र व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ५ को उपदफा (१) बमोजिम **शिक्षण सहजकर्ता व्यवस्थापन कार्यविधि, २०८१** जारी गरिएको छ ।

**परिच्छेद- १**

**संक्षिप्त नाम र प्रारम्भ**

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः

क. यस कार्यविधिको नाम "शिक्षण सहजकर्ता व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ ।

ख. यस कार्यविधि जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयका लागि शिक्षण सहजकर्ताको छनौट तथा व्यवस्थापन सम्बन्धमा मात्र लागु हुनेछ ।

ग. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा, विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "विद्यालय शिक्षा" भन्नाले बालविकास देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

ख. "कार्यपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

ग. "उपमहानगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको जीतपुरसिमरा उपमहानगरपालिकालाई सम्झनु पर्छ ।

घ. "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुम्बा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

ङ. कार्यक्रम भन्नाले शिक्षामा पुस्तान्तरण कार्यक्रम कार्यान्वयनको लागि नियम ३० को निर्देशक समितिबाट स्वीकृत कार्यक्रमलाई बुझ्नु पर्दछ ।

च. "छनौट समिति" भन्नाले नियम २२ बमोजिम गठन हुने शिक्षण सहजकर्ता छनौट समितिलाई सम्झनुपर्छ ।

छ. "निर्देशक समिति" भन्लाले नियम ३० बमोजिमको निर्देशक समितिलाई बुझ्नु पर्दछ ।

ज. "अनुगमन समिति" भन्नाले नियम ३१ बमोजिमको शिक्षण सहजकर्ता अनुगमन समितिलाई बुझ्नु पर्दछ ।

झ. "प्रमुख" भन्नाले उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

ञ. "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ट. "व्यवस्थापन समिति" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको शिक्षा ऐन २०७५ को दफा १९ बमोजिम गठन भएको विद्यालयको व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

ठ. "महाशाखा/शाखा प्रमुख" भन्नाले उपमहानगरपालिकाको सम्बन्धित विषय क्षेत्रको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

ड. "शिक्षा अधिकृत" भन्नाले उपमहानगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको अधिकृतलाई सम्झनु पर्छ ।

ढ. "शिक्षा,युवा तथा खेलकुद शाखा" भन्नाले उपमहानगरपालिकामा रहेको शिक्षा, युवा तथा खेलकुद हेर्ने शाखालाई सम्झनु पर्छ ।

ण. "सहजकर्ता" भन्नाले छनौट समितिद्वारा छनौट भई कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको सहजकर्ता सम्झनुपर्छ ।

त. "विषय विशेषज्ञ" भन्नाले शिक्षण सहजकर्ता छनौट परीक्षा सञ्चालनको लागि क्याम्पसले छनौट गरेका उपमहानगरपालिका अन्तर्गत सम्बन्धित क्षेत्रका विज्ञ तथा शिक्षकहरुलाई सम्झनुपर्छ ।

थ. "नगरसभा" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

द. "क्याम्पस" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धन प्राप्त स्नातक तथा स्नातकोत्तर कक्षा सञ्चालन गर्ने सामुदायिक क्याम्पसहरुलाई सम्झनुपर्छ ।

ध. "क्लस्टर ईम्प्याक्ट लिड" भन्नाले सम्वन्धित कार्य हेर्ने गरी जिम्मेवारी तोकिएको सामुदायिक क्याम्पसका पूर्णकालीन शिक्षकलाई सम्झनुपर्दछ ।

प. " लिड कलेज" भन्नाले उपमहानगरपालिकाको प्रमुख स्तरीय निर्णयवाट छनौट गरिएको कलेजलाई सम्झनुपर्दछ।

## परिच्छेद २

## लिड कलेजको छनौट तथा कार्य, दरबन्दी सिर्जना, योग्यता र छनौट तथा नियुक्ति प्रक्रियाः

३. शिक्षण सहजकर्ता कार्यक्रम सञ्चालन गर्न सक्नेः जीतपुरसिमरा उपमहानगरपालिकाको शिक्षा क्षेत्रमा अपुग जनशक्ति पुर्याउने तथा नगर क्षेत्रभित्र अध्ययन गर्ने क्याम्पसका विद्यार्थीहरुलाई कमाउदैं पढ्ने तथा पढाई पूरा गरेसंगै दक्ष जनशक्ति निर्माण गर्दै उपमहानगरपालिकाको आवश्यक्ता पुरा गर्नका लागि यस उपमहानगरपालिका भित्रका सामुदायिक क्याम्पसहरु वाट सार्वजनिक

प्रस्ताव आह्वान गरी निर्देशक समितिको निर्णयवाट शिक्षामा पुस्तान्तरण अनुदान कार्यक्रम सञ्चालन गर्नका लागि लिड कलेज छनौट गरी व्यवस्थापन तथा सञ्चालन गर्न सक्नेछ ।

४. शिक्षण सहजकर्ताको अनुदान कोटा सिर्जना गर्न सक्ने:

(१) नगरसभाबाट स्वीकृत कार्यक्रम अनुसार निर्देशक समितिले शिक्षण सहजकर्ताहरुको अनुदान कोटा सृजना गर्न सक्नेछ।

(२) शिक्षण सहजकर्ताको कोटा देहाय बमोजिमका मापदण्डको आधारमा वितरण गरिनेछ ।

क. शून्य दरवन्दी भएको विद्यालयहरुलाई प्राथमिकता दिने ।

ख. शिक्षकको तुलनामा विधार्थी सङ्ख्या बढी भएको विद्यालयलाई प्राथमिकता दिइनेछ ।

५. शिक्षण सहजकर्ताको योग्यता तथा तालिम सम्बन्धि व्यवस्थाः नियम ४ बमोजिम सिर्जना भएका कोटामा नियुक्त हुने शिक्षण सहजकर्ताको योग्यता तथा तालिम देहाय बमोजिम हुनेछ ।

क. "शिक्षामा पुस्तान्तरणका लागि शिक्षण सहजकर्ता" कार्यक्रममा सहभागी भई तालिम प्राप्त गरेको ।

ख. नेपाली नागरिकता प्राप्त गरेको ।

ग. जीतपुरसिमरा उपमहानगरपालिका भित्रका सामुदायिक क्याम्पसहरुमा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययन गरिरहेको ।

६. उम्मेदवारको लागि अयोग्यताः देहायका व्यक्तिहरू शिक्षण सहजकर्ता पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्ने छैनः

क. गैर नेपाली नागरिक,

ख. १८ वर्ष उमेर नपुगेको,

ग. ४० वर्ष उमेर पूरा भएको,

घ. मगज बिग्रेको,

ङ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको, भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

च. "शिक्षामा पुस्तान्तरणका लागि शिक्षण सहजकर्ता" कार्यक्रममा सहभागी भई तालिम नलिएको,

७. पाठ्यक्रम, परीक्षा प्रणाली तथा मूल्याङ्कन प्रकृयाः परीक्षाको पाठ्यक्रम, परीक्षा प्रणाली तथा मूल्याङ्कन प्रक्रिया "शिक्षामा पुस्तान्तरण अनुदान" कार्यक्रम सञ्चालन गर्ने सामुदायिक क्याम्पसले तोके बमोजिम हुनेछ ।

८. शिक्षण सहजकर्ताको छनौट सम्बन्धि व्यवस्थाः शिक्षक सहजकर्ता सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछः

क. शिक्षण सहजकर्ता छनौट गर्न "शिक्षामा पुस्तान्तरण अनुदान" कार्यक्रम सञ्चालन गर्ने सामुदायिक क्याम्पसले कम्तीमा १५ दिनको म्याद दिई उपमहानगरपालिकाको वेबसाईट वा उपमहानगरपालिकाको सूचना पाटी, वडा कार्यालयहरु तथा सम्बन्धीत क्याम्पसहरुमा सूचना टाँस गरिनेछ ।

ख. शिक्षण सहजकर्ता नियुक्तिका लागि विषय विज्ञहरुबाट प्रश्नपत्र निर्माण गरी "शिक्षामा पुस्तान्तरण अनुदान" कार्यक्रम सञ्चालन गर्ने सामुदायिक क्याम्पसले सुरक्षित र गोपनियता साथ राख्नेछ ।

ग. योग्यता पुगेका ईच्छुक उम्मेदवारले तोकिएको ढाँचामा फारम भरी कार्यक्रम सञ्चालन गर्ने सामुदायिक क्याम्पसमा तोकिएको म्यादभित्र बुझाउनु पर्नेछ ।

घ. "शिक्षामा पुस्तान्तरण अनुदान" कार्यक्रम सञ्चालन गर्ने सामुदायिक क्याम्पसले निर्धारण गरेको पाठ्यक्रम, परीक्षा प्रणाली तथा मूल्याङ्कन प्रकृया अनरुप लिखित र कक्षा अवलोकन परिक्षा संचालन गरी शिक्षण सहजकर्ताहरुको छनौट गर्नेछ ।

ङ. एउटा तहको शिक्षण सहजकर्ताको छनौट परीक्षा एउटै मिति र स्थानमा संचालन गरिनेछ ।

९. स्वीकृत नामावलीको सूची टाँस गर्नु पर्नेः "शिक्षामा पुस्तान्तरण अनुदान" कार्यक्रम सञ्चालन गर्ने सामुदायिक क्याम्पसले दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएका सबै उम्मेदवारको नामावलीको सूची तयार गरी सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

१०. परीक्षा हुने मिति, समय र केन्द्रः "शिक्षामा पुस्तान्तरण अनुदान" कार्यक्रम सञ्चालन गर्ने सामुदायिक क्याम्पसले तोकेको मिति, समय र केन्द्रमा परीक्षा सञ्चालन हुनेछ ।

११. परीक्षाको दस्तुरः "शिक्षामा पुस्तान्तरण अनुदान" कार्यक्रम सञ्चालन गर्ने सामुदायिक क्याम्पसले तोके बमोजिम हुनेछ।

१२. सफल उम्मेदवारको सूची प्रकाशन गरिनेः लिखित परीक्षाबाट उत्तीर्ण भई सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरू मध्येबाट आवश्यक पद संख्यामा "शिक्षामा पुस्तान्तरण अनुदान" कार्यक्रम सञ्चालन गर्ने सामुदायिक क्याम्पसले तोके बमोजिमको अनुपातमा २० प्रतिशत उत्तीर्ण उम्मेदवारहरू थप गरी कक्षा अवलोकन परिक्षाका लागि विषयगत रुपमा उम्मेदवारको नाम वर्णानुक्रम अनुसार प्रकाशन गरिनेछ ।

१३. कक्षा अवलोकन सम्बन्धि व्यवस्थाः नियम १२ बमोजिम प्रकाशित सूचनामा उल्लेखित उम्मेदवारको कक्षा अवलोकनका लागि छनौट समितिको संयोजकको अध्यक्षतामा कक्षा अवलोकन समिति गठन गर्ने र आवश्यक परेमा समितिको कुनै सदस्यको संयोजकत्वमा तीन सदस्यीय उपसमिति गठन गर्न सक्नेछ ।

१४. योग्यताक्रम प्रकाशित गर्नेः क्याम्पसले सबै परीक्षाबाट सफल भएका उम्मेदवारको नाम नियुक्तिको लागि सिफारिस सहित योग्यताक्रम प्रकाशित गर्नु पर्नेछ । त्यसरी सिफारिस गर्दा उपलब्ध भएसम्म रिक्त पद संख्याको दश प्रतिशतले हुने संख्या उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्नु पर्नेछ ।

१५. नियुक्ति लिनुपर्नेः सिफारिस गरिएको उम्मेदवारले "शिक्षामा पुस्तान्तरण अनुदान" कार्यक्रम सञ्चालन गर्ने सामुदायिक क्याम्पसबाट नियुक्तिको लागि सार्वजनिक सूचना प्रकाशित गरेको मितिले सात दिनभित्र नियुक्ति लिनु पर्नेछ । कुनै मूल उम्मेदवारले नियुक्ति नलिएमा, वैकल्पिक उम्मेदवारलाई नियुक्त गरिनेछ । नियुक्ति दिनुपूर्व सम्वन्धित क्याम्पस र उम्मेदवार बीच द्विपक्षिय सम्झौता समेत गर्नु पर्नेछ ।

१६. रिक्त पदपूर्तिः शिक्षक सहजकर्ताको पद कुनै कारणले रिक्त हुन गएमा वैकल्पिक उम्मेदवारबाट पदपूर्ति गरिनेछ ।

१७. कार्यक्रमका क्षेत्रहरुः (१) नगरपालिकाले दिने कार्यक्रमका क्षेत्रहरु दहाय बमोजिम हुनेछः

- क. शिक्षासंग सम्बन्धित कार्यक्रमहरु,
- ख. खानेपानीसंग सम्बन्धित कार्यक्रमहरु (शिक्षण सिकाइ लागायत)
- ग. राहत तथा पुर्नस्थापना सम्बन्धी कार्यक्रमहरु,
- घ. वातावरण, जल बायु परिवर्तन सम्बन्धी संरक्षण, विकास र सम्बद्र्धन सम्बन्धी कार्यक्रमहरु,
- ङ. प्रकोप तथा विपद व्यवस्थापन र पूर्व तयारी सम्बन्धी कार्यक्रमहरु,
- च. फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु,
- छ. स्वास्थ्यसंग सम्बन्धित कार्यक्रमहरु,
- ज. महिला, बालबालिका, अशक्त, अपाङ, वृद्धहरुलाई हेरचाह, उद्धार, शिक्षा र पुर्नस्थापना सम्बन्धी कार्यक्रमहरु,
- झ. बेरोजगारका लागि सीपमुलक तालिम सम्बन्धी कार्यक्रमहरु,
- ञ. वृक्षारोपण (नदी किनार, सडक पेटी, सार्वजनिक स्थल आदि) सम्बन्धी कार्यक्रमहरु,
- ट. भाषा, धर्म, संस्कृतिको संरक्षण, प्रवर्द्धन र विकास सम्बन्धी कार्यक्रमहरु,
- ठ. राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्पदा संरक्षण, विकाससँग सम्बद्ध सम्बन्धी कार्यक्रमहरु,
- ड. सामाजिक विकास सम्बन्धी कार्यक्रमहरु,
- ढ. स्रोत परिचालन तथा राजश्व व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु,
- ण. व्यवसाय, व्यापार तथा उद्योगहरुको नियमनसंग सम्बन्धित कार्यक्रमहरु,
- त. स्थानीय जात्रा, पर्व, उत्सव र यस्तै प्रकारका अन्य कार्यक्रमहरु,
- थ. जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु,
- द. खेलकुदको विकाससँग सम्बन्धित स्थानीय तथा राष्ट्रिय स्तर सम्बन्धी कार्यक्रमहरु,
- ध. जनचेतनामुलक, सकारात्मक सोच तथा आध्यात्मिक जिवनशैली अभिवृद्धि गराउने उद्धेश्यले संचालित कार्यक्रमहरु,
- न. यसमा नपरेका क्षेत्रका कार्यक्रमहरु नियम ३० को निर्देशक समितिले निर्णय गरे बमोजिम हुनेछ ।

१८. कार्यक्रम प्रस्ताव पेश गर्नेः नियम १७ संग सम्बन्धित कार्यक्रमरुको प्रस्ताव तयार गरी कार्यक्रम स्वीकृतिको लागि क्याम्पसले निर्देशक समितिमा प्रस्ताव पेश गरी कार्यक्रम स्वीकृत गर्नेछ।

१९. प्रस्ताव छनौट तथा स्वीकृतिः प्रस्तावहरु प्राप्त भए पश्चात नियम ३० को निर्देशक समितिले प्राप्त प्रस्तावहरुलाई छनौट तथा स्वीकृति प्रदान गर्नेछ ।

२०. सम्झौता र कार्यादेशः प्रस्ताव स्वीकृत भए पश्चात प्रमुख प्रशासकीय अधिकृत र कलेज प्रमुखबिच सम्झौता र कार्यादेश गरिनेछ ।

२१. अनुदान रकमको भुक्तानी प्रक्रियाः सम्झौताका सर्तहरुमा समावेश भए अनुसार अनुदान रकमको भुक्तानी गरिनेछ ।

२२. शिक्षण सहजकर्ता छनौट समितिः शिक्षण सहजकर्ता छनौट गरी नियुक्तिको लागि सिफारिस गर्न "शिक्षामा पुस्तान्तरण अनुदान" कार्यक्रम सञ्चालन गर्ने सामुदायिक क्याम्पसमा देहाय बमोजिमको एक छनौट समिति रहनेछः

क. क्याम्पस प्रमुख वा क्याम्पस संचालक समिति अध्यक्ष - संयोजक

ख. प्रमुखले तोकेको उपमहानगरपालिका कार्यपालिका सदस्य २ जना - सदस्य

ग. विषय विशेषज्ञ २ जना - सदस्य

आवश्यकताको आधारमा नगरपालिकाबाट सम्बन्धित शाखाको कर्मचारीलाई आमन्त्रीत गर्न सकिने छ ।

२३. छनौट समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

क. दरखास्त फारमहरु दर्ता तथा संकलन गर्ने/गराउने,

ख. दरखास्त फारम छानविन गर्ने र अन्तिम नामावली प्रकाशन गर्ने,

ग. प्रश्नपत्र निर्माण गर्ने/गराउने,

घ. लिखित परीक्षाका लागि निर्माण गरिएको प्रश्नपत्रको गोप्यता कायम राख्ने,

ङ. लिखित परीक्षा संचालन गर्न आवश्यक परीक्षा केन्द्र र जनशक्तिको ब्यवस्थापन गर्ने,

च. मर्यादित ढंगले लिखित परीक्षा संचालन गर्ने/गराउने,

छ. लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षण गराउने,

ज. लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने,

झ. कक्षा अवलोकनको कार्यक्रम प्रकाशन गर्ने तथा कक्षा अवलोकन गर्ने,

ञ. लिखित र कक्षा अवलोकन परीक्षाको अन्तिम नतिजा प्रकाशन गर्ने,

ट. नियुक्तिका लागि क्यापम्पसलाई सिफारिस गर्ने ।

२४. शिक्षण सहजकर्ताको पदस्थापनाः उम्मेदवारको नियुक्ति सिफारिसको योग्यताक्रम, अनुभव, शैक्षिक योग्यता, विद्यालयको आवश्यकता तथा विशिष्टताका आधारमा तोकिएको कार्य क्षेत्रमा निर्देशक समितिको निर्णय बमोजिम शिक्षण सहजकर्ताको पदस्थापना क्याम्पसले गर्नेछ ।

२५. शिक्षण सहजकर्ताको पारिश्रमिक तथा प्रोत्साहन भत्ताः

(१) जीतपुरसिमरा उपमहानगरपालिकाको नगर सभाले विनियोजन गरेको "शिक्षामा पुस्तान्तरण अनुदान" कार्यक्रमको अधिनमा रही पदस्थापना गरिएको शिक्षण सहजकर्ताहरुको पारिश्रमिक बापतको रकम "शिक्षामा पुस्तान्तरण अनुदान" कार्यक्रम सञ्चालन गर्ने सामुदायिक क्याम्पसमा अनुदान स्वरुप उपलब्ध गराइनेछ र उक्त सामुदायिक क्याम्पसले सो रकमबाट शिक्षण सहजकर्ता र क्लस्टर इम्प्याक्ट लिडहरुको पारिश्रमिक निर्धारण गर्न सक्नेछ।

(२) शिक्षण सहजकर्ताको नियुक्ति प्रक्रिया सम्बन्धि खर्च शिक्षण सहजकर्ता व्यवस्थापन अन्तर्गत विनियोजित शिर्षकबाट प्रचलित कानूनको स्वीकृत नर्म्स बमोजिम खर्च गरिने छ ।

(३) शिक्षण सहजकर्तालाई "शिक्षामा पुस्तान्तरण अनुदान" कार्यक्रम सञ्चालन गर्ने सामुदायिक क्याम्पसले तोके बमोजिम पारिश्रमिक तथा मासिक रुपमा प्रोत्साहन भत्ता उपलव्ध गराउनेछ साथै स्वयमसेवक भई कार्य गर्न जाने स्थान सम्म पुग्नको लागि घरदेखि उक्त स्थान सम्मको दुरीको आधारमा यातायात खर्च उपलब्ध गराउनेछ ।

(४) क्षेत्रगत रुपमा शिक्षण सहजकर्ताको व्यवस्थापनको लागि निरिक्षकका रुपमा खटिएका क्लस्टर इम्प्याक्ट लिडहरुलाई "शिक्षामा पुस्तान्तरण अनुदान" कार्यक्रम सञ्चालन गर्ने सामुदायिक क्याम्पसले तोके बमोजिमको पारिश्रमिक एवं प्रोत्साहन भता उपलब्ध गराउनेछ ।

२६. धार्मिक विद्यालयलाई नगर कार्यपालिकाले तोके बमोजिम शिक्षण सहजकर्ता अनुदान एकमुष्ठ उपलब्ध गराउन सकिनेछ।

२७. शिक्षण सहजकर्ताको विदाः

(१) शिक्षण सहजकर्ताले देहाय बमोजिम विदा पाउनेछः

(क) विद्यालयमा रुजु हाजीरको आधारमा महिनामा १/२ दिन भैपरी आउने र १/२ दिन पर्व गरी १ दिन

(ख) आफ्नो रिति र परम्परा अनुसार बढीमा पन्ध्र दिन किरिया विदा

(ग) महिनाको १ दिन बिरामी बिदा (संचित नहुने)

(२) शिक्षण सहजकर्ताको विदाको स्वीकृती सम्बन्धित काम गर्ने निकायले गर्नेछ ।

२८. शिक्षण सहजकर्ताको सेवा शर्तः

(१) शिक्षण सहजकर्ताको कार्य अवधि बढीमा नियुक्ति भएको मितिले एक आ.व. को हुनेछ ।

(२) शिक्षण सहजकर्ताले नियुक्ति भएको कार्यालयमा उपस्थित भई तोकिएको विषयमा नियमित कार्य गर्नुपर्नेछ।

(३) शिक्षण सहजकर्ताले सम्झौतामा तोकिए बमोजिमको शर्तहरु अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

(४) शिक्षण सहजकर्ताको कार्य अविधि सकिएमा आवश्यक्ता बमोजिम म्याद थप गर्न सकिनेछ ।

२९. शिक्षण सहजकर्ताको अवकाश सम्बन्धी व्यवस्थाः

(१) सम्झौता बमोजिमको अवधि समाप्त भई म्याद थपको निर्णय नभएमा,

(२) शारीरिक अवस्थाका कारण नियमित कामकाज गर्न असमर्थ भएमा,

(३) खराब आचरण प्रदर्शन गरेमा,

(४) बिना सूचना लगातार पाँच दिनसम्म विद्यालयमा अनुपस्थित रहेमा,

(५) सन्तोषजनक रुपमा कार्य सम्पादन नगरेमा,

(६) विद्यार्थीको शिक्षण सिकाइमा असर पार्ने तथा मर्यादा विपरित कार्य गरेमा,

(७) दफा २९ को उपदफा (१) को हकमा निर्देशक समितिको क्याम्पसले अवकाश दिनेछ तथा अन्य अवस्थामा काम गर्ने संस्थाको व्यवस्थापन समितिले पर्याप्त आधार र प्रमाण सहित निर्णय गरी अवकाशका लागि सम्बन्धित क्याम्पसलाई सिफारिस गर्नेछ, कारण जायज देखीए अवकाश दिनुपर्नेछ । तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

३०. निर्देशक समितिः परिच्छेद २ को दफा ३ बमोजिमका विषय क्षेत्रहरुको कार्यक्रम स्वीकृत गर्नको लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः

क. नगर प्रमुख - संयोजक

ख. कार्यपालिका सदस्य मध्ये नगर प्रमुखले तोकेको १ जना महिला सहित २ जना - सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

ङ. योजना शाखा प्रमुख - सदस्य

च. शिक्षा, युवा तथा खेलकुद महाशाखा/शाखा प्रमुख - सदस्य सचिव

३१. शिक्षण सहजकर्ता अनुगमन समितिः शिक्षण सहजकर्ताको सहजकर्ताहरुको कार्यलाई नियमित तथा व्यवस्थित रुपमा सञ्चालन गर्ने सम्बन्धमा देहानुसारको एक अनुगमन समिति रहनेछः

क. नगर उप-प्रमुख - संयोजक

ख. सम्बन्धित कार्यक्षेत्र भएको वडा अध्यक्ष - सदस्य

ग. नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य २ जना - सदस्य

घ. योजना शाखा प्रमुख- सदस्य

ङ. लेखा शाखा प्रमुख- सदस्य

च. सम्बन्धित शाखा/ महाशाखा प्रमुख - सदस्य सचिव

## परिच्छेद ३
## विविध

३२. शिक्षण सहजकर्ता अनुदान थपघट वा खारेज गर्न सकिनेः

(क) उपमहानगरपालिकाले शिक्षण सहजकर्ता अनुदान थपघट वा खारेज गर्न सक्ने छ ।

(ख) यो कार्यविधि जारी हुन अगाडी यस उपमहानगरपालिकाबाट “शिक्षामा पुस्तान्तरण अनुदान” कार्यक्रम सञ्चालनको लागि कार्यक्रम स्वीकृत भई छनौट भएको सामुदायिक क्याम्पस तथा सो सामुदायिक क्याम्पस मार्फत शिक्षण सहजकर्ताका रुपमा नियुक्ति भएका शिक्षण सहजकर्ताहरुको छनौट यसै कार्यविधि बमोजिम नियुक्त भएको मानिनेछ ।

३३. प्रचलित कानून लागू हुनेः प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुमा सोही बमोजिम हुनेछ ।

३४. अन्तिम व्याख्याः यस कार्यविधिको अन्तिम व्याख्या वा बाधा अडकाउ फुकाउने अधिकार कार्यपालिकामा अनुमोदन हुने गरी नगर प्रमुखलाई हुनेछ ।

३५. खारेजीः नगर कार्यपालिकाले यो कार्यविधि जुनसुकै बखत खारेज गर्न सक्नेछ ।

आज्ञाले,
उर्मिला काफ्ले
प्रमुख प्रशासकीय अधिकृत